# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, ज्येष्ठ १९ गते, २०७८ साल (अतिरिक्ताङ्क २

## भाग १

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संवत् २०७८ सालको अध्यादेश नं. १

**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको**

**अध्यादेश**

<u>प्रस्तावना:</u> प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस अध्यादेशको नाम "प्रदेश आर्थिक कार्यविधि (दोश्रो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा संशोधन:</u> प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा ९ को उपदफा (१) मा रहेका "पन्ध्र दिन" भन्ने शब्दहरुको सट्टा "पाँच दिन" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल ऐनको दफा ९ को उपदफा (२) मा संशोधन:</u> मूल ऐनको दफा ९ को उपदफा (२) मा रहेका "सात दिन" भन्ने शब्दहरुको सट्टा "दुई दिन" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
राजेन्द्र कुमार पौडेल
प्रदेश सचिव

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np